# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## प्रदेश सभा संसदीय दलको कार्यालय

## गण्डकी प्रदेश, पोखरा

माननीय मुख्यमन्त्रीज्यू
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश, पोखरा

**विषयः ध्यानाकर्षण सम्वन्धमा ।**

गण्डकी प्रदेश सभामा प्रमुख विपक्षी दलको हैसियतले नेपाल कम्युनिष्ट पार्टी (एमाले), गण्डकी प्रदेश सभा संसदीय दलको तर्फवाट निम्न विषयहरुमा माननीय मुख्यमन्त्रीज्यूको गम्भिर ध्यानाकर्षण गराउँदछौंः

१. सरकार सवैको अभिभावक हो र कुनै दल वा गठवन्धन विशेषको मात्र होइन भन्ने अनुभूति दिनसक्नुपर्ने ।

२. चालु आ.व.को पुस मसान्तसम्मको पुँजीगत खर्च जम्मा १३.३९% देखिन्छ, यो अत्यन्त न्युन हो । तसर्थ, पुँजीगत खर्च क्षमता वृद्धि गर्ने तथा आर्थिक वर्षको अन्तिममा मात्र पुँजीगत खर्च वढि हुने प्रवृत्तिमा सुधार ल्याउन ठोस कदम चाल्नुपर्ने ।

३. पुँजीगत खर्च न्यून हुनु तर अनुगमन, मुल्याङ्कन, अतिरिक्त भत्ता, स्वागत सत्कार, सवारी मर्मत तथा इन्धन लगायतका खर्च भने पर्याप्त भएको तथ्याङ्क देखिनुले सरकार ठोस काममा भन्दा पनि घुमघाममै व्यस्त रहेको पुष्टी गर्दछ । यसमा सरकार गम्भिर हुनुपर्ने ।

४. सरकार सु-शासनमा कमजोर देखिएको छ । सेवा प्रवाहलाई छिटो-छरितो वनाउनुका साथै सेवा प्रवाहमा नविन प्रविधिको प्रयोग गर्न, Digitization मा जान र E–governance लागू गर्न सरकार असक्षम सावित भएको ।

५. मूख्यमन्त्री, मन्त्रीहरु तथा मन्त्रालयका उच्च पदस्थ कर्मचारी समेत कार्यालयको काममा भन्दा वाह्य कार्यक्रम र उद्घाटन जस्ता कार्यक्रममा वढी व्यस्त हुँदा सरकारले गति लिन नसकेको, विविध खर्च वढेको र यसका कारण दैनिक प्रशासनिक काममा समेत नकारात्मक असर पर्ने गरेकोले यसप्रति विशेष ध्यान जानुपर्ने । सवै ठाउँमा मुख्यमन्त्री वा मन्त्रीहरु नै पुग्नुभन्दा  नै कार्यक्रमको प्रकृति र आवश्यता अनुसार सम्वन्धीत जिल्ला वा क्षेत्रका प्रदेश सभाका माननीय सदस्यहरु तथा स्थानीय तहका जनप्रतिनिधिहरुलाई परिचालन गर्ने वातावरण निर्माण गर्नुपर्ने ।

६. प्रदेश समन्वय परिषद्को वैठक समय समयमा वस्ने र गरेका निर्णयहरु कार्यान्वयन तर्फ लगि प्रदेश र स्थानीय तहवीचको सम्बन्धमा सुधार गर्नुपर्नेमा बैठक नियमित वस्न नसकेको तथा बैठकवाट गरेका निर्णय समेत कार्यान्वयनमा लैजान तदारुकता नदेखाएकाले स्थानीय तहको प्रदेशप्रतिको विश्वास गुम्दै गएको ।

७. प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजनाको कार्यान्वयनको अवस्था कमजोर देखिन्छ । सरकारले यस्ता आयोजनाहरुलाई आवश्यक वजेट विनियोजन गर्न नसक्दा वजेट अभावका कारण यी आयोजनाहरु अलपत्र अवस्थामा रहेका छन् । गण्डकी प्रदेशको समृद्धिका लागि महत्वपूर्ण मानिएका यस्ता आयोजनाहरुलाई पर्याप्त वजेट विनियोजन गरी तत्काल अगाडि वढाउनुपर्ने ।

८. गण्डकी प्रदेशलाई मित्रराष्ट्र भारत र चीनसँग जोड्ने कोरला-त्रिवेणी सडक आयोजनाको काम अगाडि वढ्न सकिरहेको छैन । तत्कालिन सरकारले त्रिवेणी नाकातर्फ पर्ने वन क्षेत्रमा सडक निर्माणका लागि आवश्यक पहल काम अगाडि वढाएको थियो । त्यसयता, उक्त सडकखण्ड निर्माण कार्य अगाडि वढाउने वारे प्रदेश सरकारको ध्यान गएको देखिँदैन । तसर्थ, आवश्यक वजेट विनियोजन र प्रक्रिया पुरा गरी उक्त सडकखण्ड निर्माणको प्रक्रिया अगाडि वढाउनुपर्ने ।

९. सम्पन्न भएका तर विविध कारणबश भुक्तानी हुन नसकेका स-शर्त, समपूरक र विशेष अनुदानका एवम् प्रदेशमा हस्तान्तरण भई आएका र प्रदेशकै स्रोतमा सुरु भएका तर समस्याग्रस्त देखिएका क्रमागत र बहुवर्षीय योजनाहरुका लागि नीतिगत रुपमा सम्बोधन गर्न, अध्ययन र यथार्थ पहिचान गर्न संसदीय समिति बनाई सोको प्रतिवेदनका आधारमा सम्वोधन गर्ने व्यवस्था मिलाउनुपर्ने ।

१०. प्रदेश सभाबाट पास भएको बजेट तथा वार्षिक विकास कार्यक्रमभन्दा बाहिर गएर गैर बजेटरी योजना प्रस्ताव एवम् कार्यान्वयन गर्न नहुने ।

११. चालु आ.व.को पुस मसान्तसम्म जम्मा ३२.३२ % राजस्व संकलन भएको देखिन्छ । यो अत्यन्त न्यून हो । तसर्थ, राजस्व तथा प्रदेशको आन्तरिक श्रोत र दायरा वढाउन सरकारको विशेष ध्यान जानुपर्ने । गण्डकी प्रदेशमा राजस्वका सम्भावना तथा व्यवस्थापनका क्षेत्रमा गरिएको अध्ययन प्रतिवेदन, २०७९ लाई कार्यान्वयन गर्नुपर्ने ।

१२. सम्पन्न भएका प्रदेश सभा निर्वाचन क्षेत्रमा नयाँ सडक छनौट गरी **एक निर्वाचन क्षेत्र, एक सडक** कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।

१३. प्रशासनिक खर्चमा मितव्ययीता र प्रभावकारिता ल्याउनतर्फ ध्यान जानुपर्ने । गण्डकी प्रदेश खर्च मितव्ययिता निर्देशिका तत्काल तर्जुमा गरी लागू गर्नुपर्ने तथा अनुत्पादक खर्च शीर्षकहरुमा मापदण्ड तोकी कडाइका साथ नियन्त्रण गर्नुपर्ने ।

१४. योजना अनुगमन निर्देशिका तत्काल जारी गर्नुपर्ने ।

१५. वजेट तर्जुमा क्यालेण्डरलाई संघ सरकारको तालिका अनुसार समायोजन गरी आगामी आ.व.को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफल हिँउदे अधिवेशनमै गर्ने व्यवस्था मिलाउनुपर्ने । वजेट निर्माण सम्वन्धी कार्यतालिकाको पालना गर्नुपर्ने र बजेट तर्जुमापूर्व आयोजनागत तथा नीतिगत रुपमा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्य, स्थानीय जनप्रतिनिधि एवं सरोकारवालासँग व्यापक र पर्याप्त छलफल गर्नुपर्ने ।

१६. क्रमागत योजना र बहुवर्षीय योजनाका लागि बजेट सुनिश्चित गरेर मात्र नयाँ योजना प्रस्ताव गर्ने नीति लिनुपर्ने । प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजनालाई मात्र प्राथमिकताका आधारमा वहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन गर्नुपर्ने ।

१७. प्रदेशको आवधिक, मध्यमकालीन खर्च संरचना र परियोजना बैंकका आधारमा मात्र योजना छनौट, वजेट विनियोजन र कार्यान्वयन गर्नुपर्ने । बजेटलाई आवश्यकता र जनमुखी बनाउन आर्थिक, सामाजिक, औद्योगिक, पूर्वाधार, कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रगत रुपमा प्राथमिकीकरण गरी जिल्लागत र विकासगत सन्तुलन मिलाई आयोजनाहरुको लागि बजेट सीमा तथा स्रोतको व्यवस्थापन गर्नुपर्ने ।

१८. सरकार दोश्रो पञ्चवर्षीय योजना निर्माणको चरणमा छ । दोश्रो पंचवर्षीय योजना सहअस्तिन्व र समन्वयको सिद्धान्त अपनाई सवै पक्षको सहभागिता र स्वामित्व कायम हुनेगरी निर्माण गर्नुपर्ने ।

१९. सरकार  योजना वैंक निर्माणको प्रक्रियामा छ । यसलाई सवै पक्षको सहभागिता र स्वामित्व कायम हुनेगरी निर्माण गर्नुपर्ने । योजना वैंकमा योजना समावेश गर्ने विषयलाई सकेसम्म धेरै झन्झटिलो नवनाई सरलीकृत गर्नुपर्ने ।

२०. सरकारले प्रदेश सभालाई पर्याप्त विजनेश दिन सकिरहेको देखिँदैन । विधेयक अधिवेशन सुरु गर्नुपर्ने समय वितिसक्दा समेत सरकारले प्रदेश सभा सचिवालयमा कुनै पनि विधेयक दर्ता नगर्नु विडम्वनापूर्ण हो ।

२१. प्रदेश सभाको वैठकमा शुन्य र विशेष समयमा उठेका विषयहरुको सदनमा जवाफ दिन तथा सरकारी आश्वासन कार्यान्वयन गर्न सरकारले तदारुकता नदेखाएको तथा ती विषयप्रति संवेदनशील नभएको ।

२२. प्रदेश सभाले बनाएका कानून कार्यान्वयनमा सरकारको तदारुकता देखिँदैन भने उत्तर विधायिकी परिक्षण (Post Legislative Scrutiny) गरी कानून कार्यान्वयनको अवस्थाको मापन गर्ने काम हालसम्म हुन नसकिरहेको ।

२३. सरकारले प्रदेश सभावाट निर्माण भएका कानून स्थानीय तहले कार्यान्वयन गर्ने वातावरण निर्माण गर्न नसकेको देखिन्छ । कानून कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली, निर्देशिका तथा कार्यविधिहरु समयमा तर्जुमा नगरिदिँदा प्रदेश सभाले वनाएका कानून समयमै कार्यान्वयनको प्रक्रियामा जान नसकिरहेको ।

२४. प्रदेश सभा सचिवालय तथा विषयगत समितिहरुलाई व्यवस्थित, प्रविधिमैत्री, प्रभावकारी, कामकाजी र गुणस्तरीय वनाउनका लागि पर्याप्त जनशक्ति र श्रोत साधनको व्यवस्था गर्नुपर्ने ।

अन्त्यमा, गण्डकी प्रदेश सभाको छैठौं स्थापना दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

धन्यवाद

मिति: २०८० माघ २२ गते

खगराज अधिकारी
नेता, विपक्षी दल